**सप्तकोशी नगरकार्यपालिकाको कार्यालय**

**फत्तेपुर, सप्तरी**

**ट्रयाक्टर खरिद कार्यको सिलबन्दी दरभाउपत्र आव्हानको सूचना**

**दोश्रो पटक प्रकाशित मिति:२०७६।०२।०९**

यस कार्यालयको प्रयोजनको लागि ट्रयाक्टर आवश्यक भएकोले सो खरिद कार्य सिलबन्दि दरभाउपत्रद्धारा खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजतप्राप्त उत्पादक कम्पनी/अधिकृत बिक्रेताबाट निम्न शर्तहरुको अधिनमा रही रीतपुर्वक सिलबन्दि दरभाउपत्र आव्हान गरिएको व्यहोरा इच्छुक सम्बन्धित सबैलाई यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

**शर्तहरु**

१)सिलबन्दि दरभाउपत्रफारम सुचनाप्रथम पटक प्रकाशितभएको मितिले ७ दिनभित्र चालु आ.व. का लागि नविकरण भएको ईजाजतपत्र, आयकर र मु.अ. कर दर्ता तथाआ.व.२०७४/०७५ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपिहरु संलग्न राखी लिखित निवेदनका साथ तल उल्लेखित दस्तुर (फिर्ता नहुने गरी) तिरी इच्छुक सिलबन्दि दरभाउपत्रदाताले यस कार्यालयबाट मिति२०७६ जेष्ठ १५ गते कार्यालय समय सम्म सिलबन्दि दरभाउपत्र कागजात खरिद गर्न सकिनेछ ।

२) खरिद भएको सिलबन्दि दरभाउपत्र फाराम सिलवन्दी गरी खामवाहिर आफनो फर्मको नाम, ठेगाना, ठेक्का नं र सम्पर्क नम्बर स्पष्ट उल्लेख गरी यस कार्यालयमामिति२०७६ जेष्ठ १६ गते दिनको १२ बजे भित्रदर्ता गरी सक्नुपर्नेछ ।

३) खरिद भएको सिलबन्दी दरभाउपत्र प्रकाशित मितिले मिति २०७५ जेठ १६ गते २:०० बजे उपस्थित सिलबन्दि दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । सिलबन्दि दरभाउपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि सिलबन्दि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

४) सिलबन्दि दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा लगतै कार्यालय खुलेको दिन सोही अनुसार हुनेछ ।

५) तपशिलमा उल्लेखित धरौटी वापतको रकम सप्तकोशी नगरपालिका कार्यालयको नाममा रहेको श्री नेपाल बैंक लिमिटेड फत्तेपुर को धरौटी खातानं. ११३०३००००००००००००३०१ मा नगदै जम्मा गरेको सक्कलभौचर वा यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा९०दिन सम्म मान्यभएको बैक जमानत पेश गर्नु पर्नेछ ।

६) म्याद नाघि आएको रीत नपुगेको वाशर्त राखि पेश भएको सिलबन्दि दरभाउपत्र मान्य हुने छैन ।

७) सिलबन्दि दरभाउपत्रदाताबाट सिलबन्दि दरभाउपत्रमा उल्लेखित मूल्यअभिवृद्धि कर (VAT)बाहेकको दररेट उल्लेख गर्नुपर्नेछ । सो दर रेटमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । केरमेट भएकोमा केरमेट भएको ठाउंमा सहिछाप भएको हुनुपर्नेछ ।

८) यस कार्यालयको हितलाई ध्यानमा राखि सिलबन्दि दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित हुनेछ ।

९) यस सूचनामा उल्लेख नभएको अन्य विषय प्रचलित ऐन, नियमानुसार हुनेछ ।

१०) सिलबन्दि दरभाउपत्र स्वीकृत भई सम्झौता भए पछि यस कार्यालयमा सवारी साधन सम्झौता गरेको १५ दिन भित्र उपलव्ध गराउनु पर्ने छ । स्वीकृत फर्म वा सप्लायर्सले म्यादभित्र सवारी साधन उपलब्ध नगराएमा धरौटी जफत गरी कार्यालयबाट अर्को व्यवस्था मिलाइने छ ।

११) सिलबन्दि दरभाउपत्रदाताले नेपाल सरकारको कानून बमोजिम लाग्ने कर भन्सार शुल्क स्वयंले तिर्नु पर्नेछ । यस कार्यालयबाट कर छुटको लागि कुनै सिफारिस गर्ने छैन ।

१२) थप जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्न सकिने छ । स्पेशिफिकेसन दरभाउपत्र साथ संलग्न हुनेछ ।

१३) सिलबन्दि दरभाउपत्रको कामको विवरण निम्न अनुसार छ ।

| ठेक्का नं | कामको विवरण (खरिद गर्ने सामाग्री) | धरौटी रकम रु. | सिलबन्दि दरभाउपत्रफारम दस्तुर (फिर्ता नहुने गरी) रु |
|---|---|---|---|
| १/२०७५/७६ | ट्रयाक्टर खरिद | ४५०००।०० | १०००।० |

प्रमुख प्रशासकीय अधिकृत